जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २४० २०७९ साल बैशाख १४ गते बुधबार (27 Apr. 2022 Wednesday) मूल्य रु. ५/-

सवारी दुर्घटनाबाट बचौं र बचाऔं।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रशान्त महासागरको ... ३ पृष्ठमा : महिला उम्मेदवार ... ३ पृष्ठमा : चीनको साङ्घाइमा कोभिडका ...

## सप्तरीको छिन्नमस्ता गापाको अध्यक्षमा १४ तथा उपाध्यक्षमा १२ जनाले दिए उम्मेदवारी



**दैनिक समाचारदाता**
**राजबिराज, १३ बैशाख ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष पदमा १४ तथा उपाध्यक्ष पदमा १२ जनाले उम्मेदबारी दिएका छन ।

बैशाख ३० गते हुन लागेको स्थानी तह निर्वाचनका लागि बिभिन्न राजनीतिक दलबाट १२ र २ स्वतन्त्र गरी जम्मा १४ जनाले अध्यक्ष पदमा उम्मेदबारी दिएका हुन् । त्यस्तै उपाध्यक्ष पदमा बिभिन्न राजनीतिक दलबाट ११ र एक स्वतन्त्र गरी जम्मा १२ जनाले उम्मेदबारी दर्ता गराएको निर्वाचन अधिकृत सुर्यराज घिमिरेले जानकारी दिएका छन ।

अध्यक्ष पदमा उम्मेदबारी दर्ता गराउनेमा जनता समाजवादी पार्टी, नेपालबाट सत्यनरायण यादव, नेपाल कम्युनिष्ट पार्टी एमालेबाट दिपेन्द्र कुमार यादव, नेपाली कांग्रेसबाट कुलानन्द यादव, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट विनोद कुमार यादव, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट विद्यानन्द चौधरी, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)बाट जय प्रकाश यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामदेव प्रसाद यादव, जनमत पार्टीबाट भुवनेश्वर मण्डल अमात, जनता प्रगतिशिल पार्टीबाट प्रभाकर यादव, नेपाल लोकतान्त्रिक पार्टीबाट होमेन्द्र कुमार राय, नेपाल सद्भावना पार्टीबाट सुर्य नरायण मण्डल अमात, राष्ट्रिय सद्भावना पार्टीबाट प्रमेश कुमार यादव, स्वतन्त्रबाट संजय कुमार चौधरी र तेजनरायण मण्डल अमात गरी जम्मा १४ जनाले उम्मेदबारी परेको छ ।

त्यसैगरी गाँउपालिकाको उपाध्यक्ष पदमा जनता समाजवादी पार्टी, नेपालबाट अशा देवी साह, नेपाल कम्युनिष्ट पार्टी एमालेबाट ललिता देवी मेहता, नेपाली कांग्रेसबाट प्रमिला देवी साह, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट राजु देवी यादव, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट उषा कुमारी मण्डल, नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजवादीबाट शोभा देवी साह, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट फुलोदेवी खत्वेनी, जनमत पार्टीबाट सावित्री देवी राय, जनता प्रगतिशिल पार्टीबाट बबिता कुमारी साह, नेपाल लोकतान्त्रिक पार्टीबाट उर्मिला देवी राम, राष्ट्रिय सद्भावना पार्टीबाट नन्दनी झा र स्वतन्त्रमा शिवनाथ राय गरी जम्मा १२ जनाले गाँउपालिकाको उपाध्यक्ष पदमा उम्मेदबारी दिएका छन ।

सात वटा वडा रहेको छिन्नमस्ता गाँउपालिकामा ९ हजार ५ सय ८१ जना पुरुष र ८ हजार १ सय ७६ जना महिला मतदाता गरी कुल १७ हजार ५ सय ५७ जना मतदाता रहेका छन ।

## ट्रकमा मोटरसाइकल ठोक्किद तीनको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, १३ वैशाख ।**

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका ५ सिन्धुलीटोलमा मंगलबार बिहान ट्रकमा मोटरसाइकल ठोक्किँदा तीन जनाको मृत्यु भएको छ ।

ना.२ख ८६२४ नंको ट्रकमा लु८३ प ८६५१ नंको मोटरसाइकल ठोक्किँदा मोटरसाइकलमा सवार तीनै जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका-४ का १९ वर्षीय सुमित टिण्डेवाल र धनुषाकै बिदेह नगरपालिका-६ का २२ वर्षीय अविनाश मण्डलको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक चन्द्रभूषण यादवले जानकारी दिए । मृतक एकजनाको खनाखत हुन नसकेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर गम्भीर घाइते भएका तीनै जनालाई उपचारका लागि तत्काल जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा ल्याइएको थियो । उपचारकै क्रममा तीनै जनाको मृत्यु भएको प्रहरीको भनाइ छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## एसएसपीबाट राजीनामा दिएर उम्मेदवार

**दैनिक समाचारदाता**
**जनकपुर, १३ वैशाख ।**

नेपाल प्रहरीको वरिष्ठ प्रहरी उपरीक्षक पदबाट राजीनामा दिएर गोविन्दकुमार साहले धनुषाको विदेह नगरपालिकाको नगरप्रमुख पदमा उम्मेदवारी दर्ता गराउका छन् ।

नेपाली कांग्रेसले टिकट नदिएपछि उनले स्वतन्त्ररूपमा नगरप्रमुखमा उम्मेदवारी मनोनयनपत्र दर्ता गराएका हुन् ।

नगरको विकास र सुशासनलाई प्राथमिकतामा राखी आफूले नगरप्रमुखका लागि उम्मेदवारी दिएको साहले बताए । स्थानीय तह निर्वाचन लड्नकै लागि साहले केही साताअघि नेपाल प्रहरीको वरिष्ठ प्रहरी उपरीक्षक पदबाट राजीनामा दिएका थिए ।

## एक लाख ४१ हजारको मनोनयन दर्ता

काठमाडौं, १३ वैशाख (रासस) ।

स्थानीय तह सदस्य निर्वाचनका लागि एक लाख ४१ हजार ४६८ जनाको मनोनयन दर्ता भएको छ । निर्वाचन आयोगले बिहान १०:३० बजे सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रदेश नं १ मा २२ हजार १९४, मधेसमा ३६ हजार २७५, बागमतीमा २३ हजार ६५४, गण्डकीमा १२ हजार ३१४, लुम्बिनी २२ हजार ४२१, कर्णालीमा १२ हजार ८४८ र सुदूरपश्चिम प्रदेशमा ११ हजार ७६२ जनाको उम्मेदवारी परेको छ ।

नगरपालिकाको प्रमुखमा तीन हजार ३१८ र उपप्रमुखमा दुई हजार ३६ को उम्मेदवारी दर्ता भएको छ । गाउँपालिका अध्यक्षमा तीन हजार ३०६, उपाध्यक्षमा दुई हजार ३४३ र वडाध्यक्षमा ३३ हजार १११ को मनोयन दर्ता भएको छ । २४ हजार २८३ महिला सदस्य, २१ हजार ९७९ महिला दलित सदस्य र ५१ हजार ९२ सदस्यको मनोनयन दर्ता भएको छ ।

सात सय ५३ स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, छ हजार ७४३ वडाध्यक्ष, सोही संख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार ४८३ सदस्य गरी कुल ३५ हजार २२१ सदस्यका लागि यही वैशाख ३० गते निर्वाचन हुँदैछ ।

आइतबार र सोमबार देशभरका स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उत्साहपूर्णरूपमा मनोनयन दर्ता भएका थिए । मंगलबार उम्मेदवारको विरोधमा उजुरी लिने कार्यतालिका छ । वैशाख १४ र १५ गते मनोयनपत्र जाँच तथा उजुरीमाथि जाँचबुझ र निर्णय दिने, वैशाख १५ गते

*बाँकी अन्तिम पृष्ठमा*

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# योग्य जनप्रतिनिधी छान्न जनता उत्साहित

स्थानिय तह निर्वाचनको पहिलो खुडकिलो मनोनयन दर्ता प्रक्रिया सोमबार सम्पन्न भएको छ । यस मनोनयन दर्ता प्रक्रियामा देशभरबाट १ लाख ४१ हजार जनाले उम्मेदवारी दर्ता गराएका छन् । यसको अर्थ यो हुन्छ की स्थानिय तह निर्वाचनका लागि नेपाली जनतामा निकै उत्साह र उमंग रहेको छ । जो कोही पनि जनप्रतिनिधि बन्न चाहेको बुझिन्छ । यही बैशाख ३० गते मुलुकभर एकै साथ हुने स्थानिय तह निर्वाचनका लागि नेपाली जनता निकै जोश र जागरका साथ पर्खाइमा बसेका छन् । यस पटक उनीहरुले आफ्नो मतको सही ढंगले प्रयोग गर्ने छन् । कीन भने विगतको पाँच वर्षमा जनप्रतिनिधिहरुले देखाएको छबीलाई जनताले निहालिसकेका छन् ।

यता सप्तरीमा भने १८ वटै स्थानिय तहमा उम्मेदवारी दिनेको संख्या हजार भन्दा बढी छ । विगतको तुलनामा यस पटक उम्मेदवारको संख्या बढेको छ । गत स्थानिय तह निर्वाचनमा केही सीमित संख्यामा रहेका पार्टीहरु अहिले टुटफुटका कारण त्यो संख्या बढेर ३४ पुगेको छ । जिल्लामा ६ वटा राष्ट्रिय मान्यता प्राप्त पार्टी बोहक अन्य २८ वटा दलले निर्वाचनका लागि दर्ता गराएका छन् । त्यस बाहेक स्वतन्त्र उम्मेदवारी दिनेहरु पनि निकै छन् । यसले पार्टीका नेता कार्यकर्ताका साथ साथै जनतालाई पनि मतदान गर्न उत्साहित गरेको देखिनछ ।

यस पटकको निर्वाचनको मतपरिणाम जस्तै सुकै आएपनि जनता आफ्नो मतको पूर्णरुपमा सदुपयोग गर्न ललाहित छन् । उनीहरुले यस पटक आफ्नो भन्दा पनि राम्रो जनप्रतिनिधी छान्न उत्साहित देखिन्छन् । यो नै लोकतन्त्रको मर्म पनि हो । तसर्थ आफ्नो मतको सदुपयोग गर्नुका साथै स्वच्छ, योग्य, इमान्दार तथा विकासप्रेमी जनप्रतिनिधी छान्नु नै अहिलेको आवश्यकता समेत रहेको छ ।

# प्रशान्त महासागरको सालमन माछादेखि महीसम्म किनेर खान्छन् नेपाली

**रमेश लम्साल**
काठमाडौँ, १३ वैशाख (रासस) ।

संसारकै सबैभन्दा स्वादिष्ट र महङ्गो मानिने सालमन माछासमेत नेपालमा आयात भएको पाइएको छ । प्रशान्त महासागरमा पाइने सो माछा संसारभर नै लोकप्रिय छ । नेपालमा वैदेशिक मुद्राको चाप परेको तथा कोरोना महामारीका कारण पर्यटक आवागमनसमेत कम भएका बेला नेपालमा भित्र्याइएको प्रशान्त महासागरको माछाबारे जिज्ञासा जाग्नु स्वाभाविकै हो ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको नौ महिनाको विवरणमा दुई हजार ७१८ किलो सालमन माछा आयात भएको देखिन्छ ।

त्यस्तै, विभागको विवरण अनुसार सोही माछाको अन्य प्रकारसमेत गरी पाँच हजार ९५० किलो नेपाल भित्रिएको छ । अमेरिकी डलरको सञ्चिति कम भइरहेको बेला विदेशी नियोग वा होटल रेष्टुरेन्टले माछा आयात गरेको अनुमान गर्न सकिन्छ । ती माछाको आयात मूल्य एक करोड ९१ लाख ५४ हजार बराबर छ । उक्त माछाको आयातबाट सरकारले रु ५९ लाख १३ हजार बराबरको राजश्व प्राप्त गरेको छ ।

त्यस्तै, नेपाल आयात गरिने वस्तुमा एक रमाइलो विवरण हो गङ्गटा । चालु आवको नौ महिनामा एक हजार ८०० किलो गङ्गटा नेपाल भित्रिएको छ । गाउँ घरका खेतबारीमा पाइने र नेपालीको खास पहिचानसमेत नगरेको गङ्गटालाई डरलाग्दो प्राणीका रूपमा लिइन्छ । उक्त जलप्राणीको आयात मूल्य १२ लाख ८२ हजार बराबर छ । त्यसबाट सरकारले रु तीन लाख ८४ हजार बराबरको राजश्व सङ्कलन गरेको छ । गङ्गटा, सर्पको टाउको पनि नेपाल भित्रिएको छ । विभागका अनुसार नौ महिनाको अवधिमा ६२ किलो पैठारी भएको छ । त्यसको लागत मूल्य एक लाख २९ हजार बराबर छ । सरकारले रु ३९ हजार राजश्व सङ्कलन गरेको छ ।

सुक्खा माछाको आयातको विवरण पनि त्यस्तै छ । विभागका अनुसार दुई लाख ९५ हजार ६१ किलो सुक्खा माछा आायत गर्दा सरकारले रु दुई करोड ९५ लाख दुई हजार बराबर राजश्व सङ्कलन गरेको छ । त्यस्तो माछाको आयात मूल्य नौ करोड ६६ लाख ८१ हजार बराबर छ ।

नेपालमा बढी मात्रामा आयात हुनेमा क्याटफिससमेत देखिएको छ । नौ महिनाको अवधिमा तीन लाख ४८ हजार ७५० किलो क्याटफिसको आयात मूल्य आठ करोड ३९ लाख सात हजार बराबर छ । त्यसबाट सरकारले रु दुई करोड ५६ लाख पाँच हजार बराबर राजश्व सङ्कलन गरेको छ । माछाको मासु मात्रै पनि आयात भएको विभागको विवरणमा उल्लेख छ । नौ महिनाको अवधिमा आठ हजार किलो त्यस्तो मासु आयात भएको छ । त्यसको आयात मूल्य १८ लाख ८७ हजार रहँदा सरकारले रु पाँच लाख ७६ हजार बराबरको राजश्व सङ्कलन गरेको छ ।

टुनाफिस ९१० किलो नेपाल भित्रिँदा आयातकर्ताले रु २१ लाख ९९ हजार बराबर लागत मूल्य तिरेका छन् । त्यसबाट सरकारले रु ६ लाख ७१ हजार बराबरको राजश्व सङ्कलन गरेको छ ।

विभागका अनुसार ५७ हजार १६८ किलो प्राउन नेपालमा पैठारी भएको छ । त्यसको लागत मूल्य तीन करोड ४८ लाख ६१ हजार छ । सरकारले राजश्व मात्रै रु एक करोड पाँच लाख २९ हजार सङ्कलन गरेको छ । झिङ्गेमाछा मात्रै तीन हजार २०० किलो आयात भएको छ । त्यसको लागत मूल्य एक करोड ३७ लाख एक हजार बराबर रहँदा रु ४१ लाख आठ हजार बराबरको राजश्व सङ्कलन भएको छ ।

अर्को रमाइलो विवरण पनि छ । नेपालमा वैधानिक तवरबाटै २०० वटा कछुवा आयात भएको छ । त्यसको लागत मूल्य ८३ हजार छ र सरकारले रु २५ हजार राजश्वसमेत उठाएको छ ।

**महीसमेत किनेर खाए**

घरभरि लैना बकेर्ना भैंसी पाल्ने, दैनिक नै भरपेट मही खाने नेपालीले पछिल्ला दिनमा त्यही महीसमेत विदेशबाट आयात गरेर पिउने गरेको छन् । गाउँमा कुनै युवा भेटिँदैनन् । वृद्धवृद्धाले चौपाया पाल्न सक्ने अवस्था छैन । खेतबारी बाँझो छ । सायद यसैकारण हुनसक्छ महीसमेत आयात गर्नुपर्ने अवस्था छ हाम्रो । भन्सार विभागका अनुसार चालु आवको नौ महिनाको अवधिमा नेपालीले दुई लाख १४ हजार लिटर मही खरिद गरेर पिएका छन् । नेपाल कृषि प्रधान देश भनिँदै आएको छ । ६५ प्रतिशत मानिस कृषिमा संलग्न रहेको सरकारी तथ्याङ्क पनि छ । कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत बराबर छ । तर महीसमेत किनेर सेवन गर्नुपर्ने चरम परनिर्भर अवस्थामा नेपाली पुगेका छन् ।

विभागका अनुसार महीको आयात मूल्य तीन करोड ६४ लाख ७२ हजार बराबर छ । त्यसबाट सरकारले रु एक करोड आठ लाख ९० हजार बराबर राजश्व सङ्कलन गरेको छ । बटर मिल्क मात्रै ११ हजार ८७५ लिटर आयात भएको छ । गोङ्ग हर्ट १६ हजार २०९ लिटर आयात भएको छ । स्वादजन्य दूध र क्रिम मात्रै दुई हजार ८२१ लिटर, हल्का दुग्धजन्य पदार्थ ९२ हजार २७६ लिटर नेपालमा पैठारी भएको छ । दूध पाउडर पाँच लाख ३६ हजार १०० लिटर, बच्चालाई खुवाउने दूध दुई लाख ४० हजार ७२० लिटर, दूध र क्रिम पाउडर फरक फरक प्रकारका गरी १५ हजार लिटरभन्दा बढी आयात भएको छ ।

त्यस्तै, बच्चालाई खुवाउने प्रशोधित दूध तीन लाख ७१ हजार ८९० लिटर, प्रशोधित दूध १२ हजार ४० लिटर, दूध (फ्याक्ट कन्टेन्ट) दुई हजार ५३८ लिटर तथा दूध र क्रिम ३९ लिटर आयात भएको छ । विभागका अनुसार सो अवधिमा रु एक अर्ब सात करोड १९ लाख ३० हजार बराबरको दूध तथा दुग्धजन्य पदार्थको आयात भएको देखिन्छ । नेपालमा नै व्यावसायिक रूपमा पशुपालन गर्न सकिए मात्रै पनि ठूलो धनराशि विदेशिनबाट जोगिन सक्थ्यो ।

सरकारले विभिन्न जोन नै तय गरेर कृषि उपजको उत्पादनमा वृद्धि तथा चौपाया पालनमा प्रेरित गरे पनि त्यसको सकारात्मक नतिजा आएको देखिँदैन । सरकारले आगामी आवमा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राख्ने जनाएको छ । अर्थमन्त्री जनार्दन शर्माले आगामी बजेटमा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राख्ने बताइसक्नुभएको छ । तर, कार्यान्वयनको पाटो के कस्तो हुने हो भन्ने कुराले सबै कुरा निर्धारण गर्ने भएकाले यसै भन्न सकिने


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९९८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईराइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिला उम्मेदवार कमः गत निर्वाचनको उपलब्धि जोगाउनै मुस्किल

**सञ्चिता घिमिरे**
काठमाडौँ, १३ वैशाख (रासस)।

स्थानीय तहको प्रमुख उपप्रमुखमध्ये एक महिला नै अनिवार्य हुने व्यवस्था नहुँदा आसन्न स्थानीय तहको निर्वाचनमा महिलाको सहभागिता कम हुने देखिएको छ।

खासगरी गत निर्वाचनमा झन्डै ९८ प्रतिशत महिला नगर उपप्रमुख वा गाउँपालिकाका उपाध्यक्षका रूपमा निर्वाचित भएकामा आगामी निर्वाचनमा त्यो घट्ने सङ्केत देखिएको हो। गठबन्धनका कारण अधिकांश स्थानीय तहको प्रमुख र उपप्रमुखका उम्मेदवार फरक फरक दलका छन्। जसका कारण अधिकांश स्थानीय तहमा दुवै पदमा पुरुष नै रहेको पाइन्छ। एउटै दलले प्रमुख र उपप्रमुख पदमा फरक लिङ्गको हुनुपर्ने व्यवस्था भए पनि फरक दलको हुँदा त्यो बाध्यकारी छैन। संविधानले अनिवार्य गरेका वडा सदस्य पदबाहेक महिलालाई कम मात्रै अवसर पाएको देखिएको छ। वडाध्यक्षमा राष्ट्रिय दलहरूले थोरै सङ्ख्यामा मात्रै महिलालाई अवसर दिएको पाइएको छ।

यस पटक सबै दलमा उम्मेदवार बन्न आकाङ्क्षी महिलाको सङ्ख्या भने ह्वात्तै बढेको छ। वडाध्यक्षदेखि नगर वा गाउँपालिकाका प्रमुख र उपप्रमुखमा धेरै महिला सिफारिस भएका थिए। गत निर्वाचनमा उपप्रमखमा निर्वाचितमध्ये अधिकांशले प्रमुखका रूपमा दाबी राखेका थिए। तीमध्ये थोरैले मात्रै चाहेअनुसारको अवसर पाए। कतिपले पुनः उपप्रमख दोहोऱ्याउन बाध्य भएइन भने कतिपय उम्मेदवार नै बनेनन्।

प्रमुख दलका महिला नेत्रीले कानुन बाध्यकारी नबन्दा नै गत निर्वाचनभन्दा स्थानीय तहमा महिला सहभागिता घट्ने अवस्था आएको बताएका छन्। दल निकट महिला सङ्गठनले आ-आफ्नो दलमा नीति बनाएर महिला नेतृत्व बढाउन लबिङ गरे। तर नतिजा भने आउन सकेन। समग्रमा महिला उम्मेदवार कम देखिए पनि आफ्नो दलमा केही बढेको नेकपा एमाले केन्द्रीय सदस्य निरुदेवी पालले बताउनुभयो। आकाङ्क्षा ह्वात्तै बढेको भए पनि त्यसलाई सम्बोधन गर्ने गरी अवसर नपाएको उहाँको भनाइ छ। एमालेमा गत निर्वाचनभन्दा प्रमुखमा महिलाको उम्मेदवारी बढेको उहाँले बताउनुभयो। प्रमुख पुरुष भएका स्थानमा स्वाभाविक रूपमा महिला उपप्रमुखको उम्मेदवार छ। उहाँले भन्नुभयो, "कतिपय वडामा अध्यक्षका रूपमा पनि महिला उम्मेदवार रहेका छन्।"

लामो समय जनप्रतिनिधिविहीन बनेका स्थानीय तहमा नयाँ संविधान लागू भएपछि विसं २०७३ मा निर्वाचन भएको थियो। त्यतिबेला निर्वाचित भएका महिलामा आत्मविश्वास बढेको र अहिले पहिलेभन्दा उपल्लो पदमा उठ्न इच्छा देखाएका छन्। उपप्रमुखमा निर्वाचितमध्ये अधिकांशले प्रमुख उठ्न चाहेको र तीमध्ये कतिपयले अवसर पनि पाएको उहाँले जानकारी दिनुभयो। महिलाको सहभागिता बढ्दै जाँदा आत्मविश्वास पनि बढ्दै गएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "न्यायिक समितिमा काम गरेको अनुभवका आधारमा पनि मैले राम्रो गरेको छु, त्यसैले अपग्रेड हुन्छु भन्नेछ।"

पहिले गठबन्धन मिलेर निर्वाचनमा जाने भनेपछि प्रमुख र उपप्रमुख दुवै पदमा पुरुष नै उम्मेदवार हुने देखिएकाले त्यतिबेलादेखि नै त्यसो हुनु हुँदैन भनेर नेपाली कांग्रेसभित्र महिला नेत्रीले आवाज उठाएका थिए। नेपाली कांग्रेस संसदीय दलकी सचेतक पुष्पा भुसाल गौतमले आफूहरूले आवाज उठाउँदा उठाउँदै पनि प्रमुख र उपप्रमुखमा महिला उम्मेदवार कम भएको बताउनुभयो। निर्वाचन आयोगले दलहरूलाई महिला सहभागिता बढाउन अनुरोध गरे पनि त्यो हुन सकेन। उहाँले भन्नुभयो, "कानुनमा नै बाध्यकारी व्यवस्था नगरेसम्म मिलेर जाँदा महिला कम हुने देखिन्छ।"

यस निर्वाचनमा महिला आकाङ्क्षीको सङ्ख्या उल्लेखनीय रहेको र आगामी दिनमा अझै बढ्ने देखिएको नेत्री भुसालको भनाइ छ। नेपाली कांग्रेसले अधिकांश कमिटीबाट माथिल्लो कमिटीमा सिफारिस गर्दा अधिकांश पालिकामा महिला आकाङ्क्षी रहेका थिए। उहाँले भन्नुभयो, "नाम सिफारिस भएकामा थोरैले मात्रै अवसर पाउनुभएको छ।"

गठबन्धनमा माओवादीले धेरै ठाउँमा उपप्रमुख पाएको र त्यसमा उम्मेदवार पुरुष रहेको नेकपा माओवादी निकट अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष अमृता थापाले बताउनुभयो। गत निर्वाचनमा ४० प्रतिशत महिला विजयी भए पनि अहिले कम सङ्ख्यामा महिला उपप्रमुख पदमा उम्मेदवार भएकाले समग्र सङ्ख्या घटेको उहाँको भनाइ छ। महिलालाई आर्थिक रूपमा पनि निर्वाचनमा जान सजिलो छैन। उहाँले भन्नुभयो, "पहिले उठ्छु भन्दै आउनुभएका कतिपयले आर्थिक रूपमा गाह्रो पर्ने भएकाले आँट गर्नु भएन।"

गठबन्धन दलभित्र पहिले जुन दलले जितेको पालिका हो उसले पाउने गरी भएको सहमतिका आधारमा माओवादीले गत निर्वाचनमा जित्ने पुरुष नै दोहोरिएको नेता थापाले बताउनुभयो। गत निर्वाचन महिला सहभागिताका दृष्टिकोणले महत्वपूर्ण रहेको थियो। अब हुने स्थानीय तहको निर्वाचनमा पनि महिलालाई नेतृत्व तहमा पुऱ्याउन लाग्नुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा त्यही उपलब्धि पनि जोगाउन गाह्रो हुने देखिन्छ।"

महिला पनि जित्न सक्छन् भन्ने विश्वास नभएका कारण दलहरूले महिलालाई प्रमुख पदमा उम्मेदवार बनाउन नचाहेको नेकपा (एकीकृत समाजवादी) नेत्री दिलु पन्तले बताउनुभयो। गठबन्धनका साझेदार दलले खासगरी आफूले पाएको पालिकामा जित्ने उम्मेदवारलाई अवसर दिने रणनीति बनाएका छन्। उहाँले भन्नुभयो, "यो वा

***बाँकी अन्तिम पृष्ठमा***

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734

## विश्व समाचार

### चीनको साङ्घाइमा कोभिडका सङ्क्रमित बढ्दै

साङ्घाइ, १३ वैशाख (रासस/सिन्ह्वा)।

चीनको सांघाइमा कोभिड-१९ का सङ्क्रमित बढेको देखिएको छ। यहाँका अधिकारीहरुले यहाँ कोभिडका सङ्क्रमित बढेको पाइएको जनाएका हुन्। चीनका अधिकारीले दिएको जानकारीअनुसार यहाँ सोमबार मात्र अर्थात् गएको २४ घन्टाभित्र एक हजार ६६१ मा सङ्क्रमण देखिएको छ। यी सङ्क्रमित साङ्घाइमै सङ्क्रमण भएर देखिएका बताइएको छ। हाल सांघाइमा मात्र १५ हजार ३१९ सङ्क्रमित रहेका छन्। चीनमा पछिल्ला केही समयमा चिनभित्रै सङ्क्रमित भएकाको संख्या बढ्दो देखिएको छ। चीन सरकारले जनस्वास्थ्यका मापदण्डमा कडाइ गरेको जनाएको छ। यहाँको स्थानीय सरकारले साङ्घाइमा मात्र सोमबार ५२ को कोभिड सङ्क्रमणका कारण निधन भएको छ। ती ५२ जना सङ्क्रमित गम्भीर प्रकारको स्वास्थ्य समस्या रहेका मनिस रहेका पनि बताइएको छ।

### दक्षिण कोरियामा कोभिड सङ्क्रमण बढ्दो, एकै दिनमा ८० हजारभन्दा बढी सङ्क्रमित

सोल, १३ वैशाख (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा कोभिड-१९ को सङ्क्रमण बढ्दो देखिएको छ। यहाँका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टाभित्र मात्र ८० हजारभन्दा बढीमा कोभिडको सङ्क्रमण भएको छ। दक्षिण कोरियाका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टा यतामात्र कम्तीमा पनि ८० हजार ३६१ सङ्क्रमित भेटिएका छन्। यहाँ पछिल्ला हप्तामा कोभिडका सङ्क्रमित बढ्दै गएकाले अहिले एक करोड ७० लाख मानिसमा कोभिडको सङ्क्रमण पुगेको पाइएको नी समाचारमा जनाइएको छ। यहाँ अघिल्लो हप्तासम्ममा दैनिक कम्तीमा पनि एक लाख मानिसमा कोभिडको सङ्क्रमण पुगेको पाइएको थियो। यो हप्ता भने त्यसमा कमी आएर ३४ हजारमा सङ्क्रमण पुगेको थियो। सोमबार मात्र यहाँ कोभिडका सङ्क्रमित ८० हजार नाघेको बताइएको छ। तर पनि पछिल्ला दिनमा कोभिडका सङ्क्रमितको संख्या घट्दै गएको देखिएको अधिकारीले जनाएका छन्। यहाँका यी सङ्क्रमितमध्ये ६१३ जना सङ्क्रमितको अवस्था गम्भीररहेको पाइएको पनि दक्षिण कोरियाका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्। सङ्क्रमणबाट पछिल्लो पटक ८२ को ज्यान गएको बताइएको छ। यहाँ अहिलेसम्म कोभिडबाट २२ हजार ३२५ जनाको ज्यान गएको बताइएको छ। दक्षिण कोरियाका स्वास्थ्य अधिकारीले यहाँका कोभिड सङ्क्रमितमा मृत्यु दर भने न्यून रहेको बताएका छन्।

### रुसी विदेशमन्त्री सर्गेईद्वारा तेस्रो विश्वयुद्धको चेतावनी

रसिया (मस्को), १३ वैशाख (रासस-एएनआई)।

रुसी विदेश मन्त्री सर्गेई लाभरोभले सोमबार युक्रेनले शान्ति वार्ताको पालना नगरेमा तेस्रो विश्वयुद्धको सम्भावना रहेको चेतावनी दिएका छन्। लाभरोभले विभिन्न रूसी समाचार एजेन्सीसँग कुरा गर्दै शान्ति वार्तामा युक्रेनको दृष्टिकोणको आलोचना गरेको मस्को टाइम्सले उल्लेख गरेको छ। उनले भनेः "सद्भावनाको सीमा हुन्छ। तर यदि यो पारस्परिक छैन भने यसले वार्ता प्रक्रियालाई मद्दत गर्दैन। टर्कीको इस्तानबुलमा रुस र युक्रेनबीच भर्खरै भएको बैठकमा लाभरोभले कीभले अघिल्लो अडानबाट बाहिरिएको सम्झौताको मस्यौदा प्रस्तुत गरेको उल्लेख गरेका छन्। यसबाहेक लाभरोभले रुसले युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले तोकेको टोलीसँग वार्तामा सङ्लग्न हुने कुरामा जोड दिएका छन्। तर उनले जेलेन्स्कीले भने शान्ति वार्ताको नाटक मञ्चन गरिरहेको आरोप लगाएका छन्। लाभरोभले तेस्रो विश्वयुद्धको खतरा बाहिर सुनिए जत्तिकै वास्तविकसमेत रहेको चेतावनी दिएका छन्। "खतरा गम्भीर छ, यो वास्तविक हो।" उनले भने।

### टर्कीले २२७ आप्रवासीलाई अफगानिस्तान फिर्ता पठायो

टर्की (अङ्कारा), १३ वैशाख (रासस-एएनआई)।

अवैधरूपमा टर्की प्रवेश गरेका कम्तीमा २२७ अफगान नागरिकलाई आइतबार अफगानिस्तान फर्काइएको स्थानीय सञ्चारमाध्यमले अधिकारीलाई उद्धृत गर्दै बताएको छ। मालत्या एयरपोर्टबाट चार्टर्ड उडान पुनःशुरु भएदेखि कम्तिमा ६८१ अनियमित आप्रवासीलाई अफगानिस्तान पठाइएको एरियाना न्युजले उल्लेख गरेको छ। शरणार्थीका लागि युरोप जानका निम्ति टर्की एक प्रमुख ट्रान्जिट बिन्दु भनेको छ। यस देशले पहिले नै चार मिलियन शरणार्थीलाई होस्ट गरेको छ। हालै आप्रवासीको नयाँ आगमनलाई रोक्न आफ्नो सिमानामा नयाँ सुरक्षा उपाय लिइरहेको छ। एरियाना न्युजले रिपोर्ट गरेको छ। गत वर्षको अगस्टको मध्यमा तालिबानले सत्ता कब्जामा लिएपछि अफगानिस्तानले निमरोज प्रान्त र टर्की हुँदै इरानजस्ता छिमेकी देशमा अफगानीको ठूलो संख्यामा पलायन मात्र भएको छैन सँगै जटिल समस्या पनि निम्तिएका छन्।

# चुनावी मैदानमा पत्रकार, को कहाँबाट प्रतिस्पर्धा गर्दै छन् ?

**सुशील दर्नाल**

काठमाडौँ, १३ वैशाख (रासस)।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पत्रकारहरू पनि प्रतिस्पर्धामा छन्। देशैभरिका ७५३ वटै स्थानीय तहमध्ये नगरपालिका, गाउँपालिकाको प्रमुख, उपप्रमुख र वडाध्यक्षको पदमा पत्रकारिता पेसा गर्दै आएकाले पनि प्रतिस्पर्धामा छन्।

मेघा टेलिभिजनका समाचार प्रमुख रोशन दानीले काठमाडौँको चन्द्रागिरि नगरपालिकाको उपप्रमुख पदमा उम्मेदवारी दर्ता गराउनुभएको छ। राष्ट्रिय जनमोर्चामा आबद्ध दानीले पाँचदलीय गठबन्धनका तर्फबाट उम्मेदवारी दिनुभएको हो।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य शान्ता आङबुहाङले महासङ्घको केन्द्रीय सदस्यबाट राजीनामा दिएर ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष पदमा उम्मेदवारी दिनुभएको छ। अर्घाखाँचीको सूर्योदय एफएममा कार्यरत पत्रकार अयान विकले अर्घाखाँचीको शीतगङ्गा-१० को वडाध्यक्षमा स्वतन्त्र उम्मेदवारी दिनुभएको छ।

सुदूरपश्चिमबाट कैलालीको जानकी गाउँपालिकाको उपाध्यक्षमा गीता चौधरीले उम्मेदवारी दिनुभएको छ। रेडियो नेपाल सुदूरपश्चिम प्रदेश प्रसारण केन्द्र दीपायलमा विगत लामो समयदेखि कार्यरत पत्रकार सुनिता रावलले डोटीको शिखर नगरपालिकाकाको उपप्रमुख पदमा उम्मेदवारी दिनुभएको छ। उहाँले नेपाली कांग्रेसका तर्फबाट उम्मेदवारी दिनुभएको हो।

प्रेस चौतारी नेपालका पूर्वउपाध्यक्ष तथा नेपाल पत्रकार महासङ्घ रुपन्देहीका पूर्वअध्यक्ष मोहन चापागाईंले रूपन्देहीको तिलोत्तमा नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिनुभएको छ। उहाँले महासङ्घको साधारण सदस्यता त्यागेर उम्मेदवार बन्नुभएको हो। चौतारीका पूर्वउपाध्यक्ष वीरबहादुर गिरीले जाजरकोटको बारेकोट गाउँपालिकाको अध्यक्ष पदमा, म्याग्दीका संस्थापक सुरत केसी, बेनी नगरपालिकाको प्रमुख, काभ्रे जिल्लाका पूर्वाध्यक्ष कञ्चन अधिकारी पाँचखाल नगरपालिकाको प्रमुख, बाजुराका संस्थापक सदस्य अमर खड्का बाजुराको बढीमालिका नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिनुभएको छ।

त्यसैगरी बाजुराकी पत्रकार नन्दा थापा उपप्रमुखमा, मोरङका पत्रकार भक्त राई सोलुखुम्बुको महाकुलुङ गाउँपालिकाको अध्यक्ष, गायत्री आचार्य मेलुङ गाउँपालिकाको उपाध्यक्ष र सकिल खान डुडुवा गाउँपालिकाको उपाध्यक्षमा उम्मेदवारी दिनुभएको छ। सप्तरी जिल्लाका चारजना पत्रकार पनि स्थानीय तहको निर्वाचनान होमिएका छन्। पत्रकार महासङ्घ मधेस प्रदेशका सचिव भोला पासवान जनता समाजवादी पार्टी नेपालका तर्फबाट सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकाको प्रमुख पदमा उम्मेदवार हुनुहुन्छ। महासङ्घका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्यहरू उम्मेदवार बनेमा महासङ्घको विधानको मर्म र व्यवस्थाअनुसार सोही समयदेखि कायम रहेको पदबाट स्वतः मुक्त हुने महासङ्घले जनाएको छ।

तिलाठी कोइलाडी गाउँपालिकाको उपाध्यक्षमा जनता प्रगतिशील पार्टीका तर्फबाट पत्रकार हेमशङ्कर सिंह, नेकपा (एकीकृत समाजवादी) पार्टीबाट राजविराज-८ को वडाध्यक्षमा पत्रकार शतिश दत्त, पत्रकार महासङ्घ सप्तरीका सहसचिव चन्दनकुमार यादवले नेकपा (माओवादी केन्द्र) का तर्फबाट सोमवार उम्मेदवारी दिनुभएको छ। आसन्न स्थानीय तहको निर्वाचनमा पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै तटस्थ भूमिका निर्वाह गर्न महासङ्घका महासचिव रोशन पुरीले आह्वान गर्नुभएको थियो।

यसैगरी नेकपा (माओवादी केन्द्र)का तर्फबाट कमलेश मण्डल महोत्तरीको मटिहानी नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिनुभएको छ। त्यस्तै वीरगञ्ज महानगरपालिकाको प्रमुख पदमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट गिरिश गिरीले उम्मेदवारी दर्ता गराउनुभएको। यीलगायत विभिन्न जिल्लामा थुप्रै पत्रकारले विभिन्न पदमा उम्मेदवारी दर्ता गराउनुभएको बताइएको छ। महासङ्घको सदस्यता प्राप्त गरेका कोही पनि सदस्यले निर्वाचनमा उम्मेदवार बन्न चाहेमा महासङ्घको गरिमा, साख र साझा चरित्रको ख्याल गर्दै सदस्यता परित्याग गरेर मात्रै उम्मेदवार बन्न सबै सदस्यहरूलाई निर्वाचन आचारसंहिता २०७८ को प्रतिकूल काम नगर्नसमेत आह्वान गरिसकेको छ।

महासङ्घले निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक म्यासेन्जर, ट्विटर, युट्युब र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने जनाउँदै आएको छ।

प्रेस काउन्सिल नेपालले जारी सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने, समाचारको गोप्य स्रोत खोल्न नहुने, निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने र विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुनेलगायत १५ बुँदा पत्रकारले गर्न नहुने भनिएको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# मतपत्र ढुवानी सुरु

काठमाडौँ, १३ वैशाख (रासस)।

निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन-२०७९ का लागि छपाइ भएका मतपत्र मंगलबारदेखि जिल्ला जिल्लामा पठाउन थालेको छ।

भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कार्यालयबाट लोड भई मंगलबार कर्णाली प्रदेशका १० जिल्ला र सुदूरपश्चिम प्रदेशका तीन गरी १३ जिल्लामा मतपत्र पठाइएको छ। वैशाख १४ गते काठमाडौँबाट लामो दूरीमा पर्ने पूर्व र पश्चिमका गरी नौ जिल्लामा मतपत्र पठाइनेछ। वैशाख १२ गतेसम्म एक करोड ५४ लाख ८३ हजार (८० प्रतिशत) मतपत्र छपाइको कार्य सम्पन्न भइसकेको छ। निर्वाचनका लागि एक करोड ९४ लाख मतपत्र आवश्यक पर्ने अनुमान गरिएको छ।

मंगलबारै निर्वाचन सामग्री पुग्न बाँकी डोल्पाको दुनै र हुम्लाको सिमीकोटमा नेपाली सेनाको हेलिकोप्टरबाट सामग्री पठाइएको छ।

निर्वाचन कार्यक्रमअन्तर्गत यही वैशाख ११ र १२ गते भएको मनोनयन दर्ताका क्रममा अधिकांश स्थानबाट दर्ताको विवरण आयोगको सूचना प्रणालीमा प्रविष्ट भइरहेको छ भने केही स्थानबाट विवरण आउन बाँकी रहेको छ।

मंगलबार दिउँसो २ बजेसम्म मधेस प्रदेशका तीन जिल्ला, लुम्बिनी प्रदेशको एक र कर्णाली प्रदेशको दुई जिल्लाका केही पालिकाको विवरण आउन बाँकी रहेकामा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका र दाङको लमही नगरपालिकाको विवरण प्रविष्ट भएको छ। मंगलबार रातिसम्ममा बाराको कलैया उपमहानगरपालिका, निजगढ नगरपालिका, सुवर्णमाई गाउँपालिका, महोत्तरीको औराही र मटिहानी, सिरहाको सुखीपुर, धनगढीमाई, लहान र कर्जनाह र कालीकोटको पलाता गाउँपालिकाबाको विवरण प्रविष्ट भइसक्नेछ।

## एक लाख ४१ ...

मनोनयन भएका उम्मेदवारको नामावली प्रकाशन तथा वैशाख १६ गते उम्मेदवारको नाम फिर्ता तथा उम्मेदारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका छ।

## महिला उम्मेदवार ...

त्यो जुनसुकै दलमा महिला पनि बलियो उम्मेदवार हुन सक्छन् र महिलाले पनि जित्न सक्छन् भन्ने मान्यता स्थापित हुन सकेको छैन।"

दलमा टिकट दिने ठाउँमा पुरुष हुने र महिलाले अनौपचारिक त्रल्́ रूपमा भेटघाट गर्न नसक्ने हुँदा पनि टिकट पाउने सम्भावना कम हुने उहाँको भनाइ छ। उहाँका अनुसार माथिल्लो कमिटीमा पुगेकामध्ये कतिपय महिलाले महिलालाई समर्थन र सहयोग नगर्नेसमेत प्रवृत्ति पाइन्छ। पार्टीका तल्ला कमिटीले आकाङ्क्षीको नाम सिफारिस गर्दा नै महिलाको नाम तल राखेर पठाएको पाइन्छ। यो निर्वाचनमा गत निर्वाचनमा हासिल गरेकोभन्दा थप उपलब्धिको अपेक्षा गर्न नसकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "त्यही उपलब्धि नै जोगाउन सके पनि ठूलो कुरा हुने थियो।" ७५३ पालिकामा निर्वाचित कूल जनप्रतिनिधिमा महिलाको सहभागिता ४१ प्रतिशत छ। प्रमुख पदाधिकारी (प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष) मा निर्वाचित एक हजार ५०६ मध्ये ७१८ महिला छन्। यो कूल पदाधिकारी सङ्ख्याको ४७ दशमलव ६८ प्रतिशत हो। संविधानले राजनीतिक दलले उम्मेदवारी दिँदा प्रमुख पदाधिकारी पदमा कम्तीमा एक महिला प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ।


**आगलागी हुन नदिन चनाखो बनौं ।**

आगलागीबाट वर्षेनि अर्बौंको क्षति हुने गरेको छ। सावधानी अपनाउन सके जनधनको क्षति रोक्न सकिन्छ ।

त्यसका लागिः

- खाना पकाईसक्ने वित्तिकै आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाईहालौं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भएको छ/छैन, ध्यान दिने गरौं।
- ग्यास वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर जस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ्ग ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

विपदबारे चासो राखौं, चनाखो बनौं

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np